**समावेशी संविधानका लागि संवाद अभिवृद्धि परियोजना**
**“नेपालमा दलित र संघीयता विषयक”**
**एक दिने अन्तरक्रिया कार्यक्रम**
साप फल्चा, बबरमहल, काठमाडौं
पौष २२, २०६७ (जनवरी ६, २०११)

## कार्यक्रम प्रतिवेदन

### १. पृष्ठभूमि

जातीय भेदभाव विरूद्ध राष्ट्रिय मञ्च (एनकार्ड) ले नेपालमा वहिष्करणमा परेका समुदायहरूको हक अधिकारहरूको स्थापनाको लागि विगत एक दशक देखि निरन्तर रुपमा काम गरिरहेको छ । नयाँ संविधान निर्माण र राज्य पुर्नःसंरचनाको प्रक्रिया चलिरहेको नेपालको वर्तमान राजनीतिक सन्दर्भमा सदियौं देखि वहिष्करणमा पारिएका नेपालका आदिवासी जनजाति, दलित र मुस्लिम समुदायलाई समानता र सहभागिताका मुद्दाहरूको संवैधानिक उपचार खोज्नका लागि अत्यन्त महत्वपुर्ण र ऐतिहासिक अवसर हो । यही परिप्रेक्ष्यमा एनकार्ड बाट संचालित “समावेसी संविधानको लागि संवाद अभिवृद्धि” परियोजना अन्तर्गत  २०६७ पौष २२ गते तदनुसार ६ जनवरी, २०११ मा **नेपालमा दलित र संघीयता विषयक एक दिने अन्तरक्रिया कार्यक्रम** साप फल्चा बबरमहल काठमाण्डौंमा सम्पन्न भयो ।




नेपाललाई संघीय संरचनामा लैजाने कि नलैजाने भन्ने लामो वहस पछि नेपालको अन्तरीम संविधान २०६३ ले नेपाललाई संघीय संरचनामा लैजान संवैधानीक रुपमा मान्यता प्रदान गरेको छ । र, हाल संघीय संरचना हुँदा  यसका आधार, सिमाना लगायतका विषयहरु के कस्तो हुने भन्ने विषयमा निरन्तर रुपमा व्यापक वहस चलिरहेको छ । यो वहस विभिन्न दृष्टिकोणमा केन्द्रित भई राज्यको स्थानीय निकायहरूदेखि संविधान सभा सम्म समान रुपमा चर्कियो र अझै पनि अन्त्य भएको छैन । संविधानसभाको राज्य पुर्नःसंरचना तथा राज्य शक्तिको बाँडफाँड समितिले १४ वटा प्रस्तावित प्रान्त/राज्यहरू संविधान सभामा पेश गरेपछि अझ यस विषयमा थप बहस प्रारम्भ भएको छ ।

नेपाल संघीय संरचनामा जाँदा नेपालका ७५ वटै जिल्लामा छरिएर रहेका दलितहरुको अधिकार कसरी सुनिश्चित हुन सक्छ ? दलितहरुले राज्य पुनःसंरचनाको सन्दर्भमा कुन अभिमतलाई केन्द्रमा राखेर अगाडी बढ्न उचित हुन्छ ? सबैभन्दा बढी जातिय विभेदको मर्कामा परिरहेका आम दलितहरुको

समस्यालाई कस्तो संरचनाले बास्तवमै सम्बोधन गर्न सक्दछ ? भन्ने बिष्यहरुलाई केन्द्र बिन्दुमा राखेर दलितहरुको विचार उपर अन्य विभिन्न जनजाती, मुस्लिम लगायत आम नागरीकहरूको विचार समेत आदान प्रदान गर्न यो कार्यक्रम आयोजना गरिएको हो । साथै वहस र छलफल पछि समग्र अदिवासी जनजाति, दलित र मुस्लिमका भावि संविधानमा सम्बोधन हुनु पर्ने साझा अभिमत तयार गरि वैकल्पिक संविधान तयार गर्ने आधार समेत निर्माण हुने छ ।

## **२. कार्यक्रमको उदेश्य**

राज्यको पुनःसंरचना र संघियताको वहस चलिरहेको वर्तमान राजनैतिक परिवेशमा नेपालमा छरिएर रहेका दलितहरुको साझा दृष्टिकोण निर्माण गर्नु कार्यक्रमको समान्य उद्धेश्य रहेको थियो भने यसका विशिष्ट उद्धेश्यहरु यस प्रकार रहेका छन् ।




- राष्ट्रिय परिवेश र दृष्टिकोणमा दलित राज्य वा प्रान्तको सम्भाव्यता प्रतिको केहि यथार्थताहरुका वारेमा खुला संवाद गराउने ।
- आगामि संविधान निर्माण र राज्यको पुर्नःसंरचनाको सवालमा दलितका मुद्धाहरु र अन्य राज्य वा प्रान्तमा वसोवास गर्ने दलितहरुको चाहनाहरुबीच छलफल गरी साझा बुझाईहरु निर्माण गर्ने ।
- राज्यको पुनःसंरचना प्रति दलितहरुको चाहना र दृष्टिकोणका बारेमा छलफल गर्नु ।
- दलितहरुको संवैधानिक मुद्धाहरुमा दलित एवं मुस्लिम र जनजाती बीच छलफल चलाउनु ।

## **३. कार्यक्रमको प्रकृया तथा प्रमूख गतिविधि**

कार्यक्रम साप फाल्चा बवरमहलमा अपरान्ह ११ वजेबाट प्रारम्भ भएको थियो । यस कार्यक्रमको विधि र प्रकृयाको बारेमा सहआयोजक राष्ट्रिय दलित नेटवर्कसंग प्रारम्भिक छलफल गरिएको थियो र त्यही छलफलमा कार्यक्रमको ढाँचा तयार पारिएनुका साथै छलफलमा कार्यक्रमको समयावधि र विषयवस्तु लागायत सहभागिहरुको समेतको छनौट गरिएको थियो । यस कार्यक्रमको प्रकृया र विषयवस्तुका वारेमा कार्यक्रमको अवधारणा पत्रद्धारा सहभागीहरुलाई पूर्व जानकारी गराईएको थियो ।

कार्यक्रमको प्रारम्भ सहभागीहरुको परिचयबाट भएको थियो । सहभागीहरुको परिचय पश्चात एनकार्डकी अध्यक्ष डा. सुमित्रा मानन्धर गुरुङबाट एनकार्डको छोटो परिचयका साथै यस कार्यक्रमको

उद्देश्य र  कार्यक्रमको आवश्यकता बारे  सहभागीहरुलाई जानकारी गराउनु भएको थियो । त्यसपछि कार्यक्रमका स्रोत व्यक्ति बालकृष्ण माबुहाङले “ दलित र संघियता : एक विवेचना” शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । स्रोत व्यक्तिको प्रस्तुति पश्चात कार्यक्रमका सहगागीहरुले कार्यपत्र माथि विभिन्न टीप्पणी गर्नुका साथै आ-आफ्नो विचार व्यक्त गरेका थिए । त्यस पछि कार्यपत्रमाथि उठेका जिज्ञासा एवं प्रश्न उपर  स्रोत व्यक्तिले जवाफ दिनु भएको थियो ।

यस कार्यक्रममा पहिलो शत्रको सभापतित्व एनकार्ड कि अध्यक्ष सुमित्रा मानन्धर गुरुङले गर्नु भएको थियो भने दोस्रो शत्रको सभापतित्व एनकार्डका महासचिव मल्ल के. सुन्दरले गर्नु भएको थियो । कार्यक्रमको सहजिकरण एनकार्डका सचीव गणेश वि.क.ले गर्नु भएको थियो ।

## **४. स्रोत व्यक्तिको प्रस्तुती**




कार्यक्रमका स्रोत व्यक्ति  बालकृष्ण माबुहाङले “ दलित र संघियता : एक विवेचना” शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उहाको प्रस्तुति विशेषत: तीनवटा पक्षमा केन्द्रित रहेको थियो । ती पक्षहरु क्रमश: दक्षिण एशियामा नै दलितको समस्या र भारतमा कार्यरत दलित विद्वानहरुले गरेको कार्यकक्रमहरुको आधार, संघियताको विषयमा दलितको तर्फबाट स्वरुप कस्तो हुनुपर्दछ र भारत र नेपालको समाजिक,धार्मिक, राजनैतिक अन्तर विरोध तथा अन्तरसम्वन्धको अनुभवका आधारमा दलितको लागि संवैधानिक संरचना कस्तो हुनु पर्ने भन्ने कुरामा केन्द्रित रहेको थियो । उहाले गोपाल गुरुको भनाइ उदृत गर्दै दलित जातिहरुबाट भैरहेका विरोधहरु पाखण्डी (Obscurantist) हिन्दू परम्परावादीहरुको दलितहरु प्रतिको पूर्वाग्रही दृष्टिकोणको स्वाभाविक परिणामहरु हुन भन्दै दलित आन्दोलनको परिचय दिनु भयो । मानव अधिकार घोषणा पत्रले प्रदान गरेका अधिकारहरु उपयोग गर्न राजनैतिक दल र निर्णायक तहमा रहेका व्यक्तिहरुले ध्यान दिन सक्दैनन् भने दलितहरुको अधिकार कसरी सुनिश्चित हुन सक्छ त भन्ने धारणा राख्नु भयो । अव बन्ने संविधानमा प्रस्तावना, मौलिक हक, निर्देशक सिद्धान्त आदिमा दलितहरुको अधिकारको वारेमा के कुरा उल्लेख गरेको छ सो हेर्न पर्ने कुरामा जोड दिनु भयो ।

दलित समुहहरु वीच पनि विविधता र विभिन्नता रहेको छ, र उचनिचको संरचना पनि विद्यमान रहेको सन्दर्भमा समुहगत स्वशासन (विशेष संरचना अन्तर्गत) वा वैयक्तिक स्वशासन (आरक्षण वा सकारकात्मक उपाय) मध्ये कुनै एक उपाय अपनाउनु उपयुक्त हुने सुझाव पनि दिनु भयो । साथै उहाले म्याग्दी र बाग्लुङमा कामी जातिको बाहुल्याता रहेकोले त्यस क्षेत्रमा दलितको भौगोलिक प्रदेश बनाउन सकिने धारणा राख्नु भयो साथै तराइका दलीतहरु मध्ये बाँतर जातीको पनि बाहुल्यता रहेकोले शहलेस प्रदेश हुन सक्ने कुरा पनि बताउनु भयो । यसका अतिरिक्त दलितहरुको लागि आरक्षणको हद वाहेक गैर भौगोलिक संघियताले खासै केही नयाँ कुरा नदिने तथ्यमा जोडदिनु भयो ।

## ५ कार्यक्रममा उठेका प्रमूख सवालहरु

स्रोत व्यक्तिको प्रस्तुति पश्चात कार्यक्रमका सहभागीहरुले कार्यपत्र उपर प्रतिकृया दिनुका साथै दलित र संघियताको विषयमा आ आफ्नो विचार पनि राखेका थिए । यस कार्यक्रममा सहभागीद्वारा उठाइएका सवालहरु निम्नानुसार उल्लेख गरिएको छ ।




- दलित, मुस्लिम र आदिवासी जनजातीले एक अर्काको आन्दोलन र मुद्धालाई कसरी हेरेका छन् र एक अर्काबाट के आशा राखेका छन् सो कुरामा यी तिनै समुदाय स्पष्ट हुन पर्ने ।
- दलितहरुले स्वायत्त राज्य खोज्नै पर्दछ । उनीहरुले खस क्षेत्रमा पनि दलितको स्वायत्तता खाज्नै पर्दछ ।
- जनजातीको राज्यमा दलितको अग्रअधिकारको वारेमा स्पष्ट हुन पर्ने ।
- दैलेखमा सार्की जातीहरुले राज्य गरेका थिए तसर्थ दलितको भौगोलक संघियता हुन पर्ने ।
- आगामी संविधानमा दलितका लागि क्षतिपूर्तिको व्यावस्था हुन पर्ने ।
- वार्षिक बजेटको २५ प्रतिशत रकम दलितलाई छुट्याउन पर्ने ।
- मुस्लिम समुदायले पनि दलितहरुलाई छुवाछुत गरिहरेका छन् । जस्तैः बडालम्जी गाविस, दैलेखमा खान मुस्लिमले आफुहरु खान क्षेत्री सरह जात भएको तर्क गर्दै दलितलाई छुवाछुतको व्यावहार गर्दछन् ।
- दलितले संघियता भन्दा पहिला उठाएका कुरा संघियतासंग जोड्नु हुदैन् । छुवाछुतको अन्त्य, दलितको लागि आरक्षण, विशेषाधिकार आदि विषय संघियता भए पनि र नभए पनि दलितको लागि हुनै पर्दछ ।

- गैर भौगोलिक संघियताले दलितको हित हुदैन् स्वायत्तता भन्दा पनि स्वशासित गर्ने कुरा दलितको लागि महत्वपूर्ण हुन सक्दछ ।
- दलितहरुको अन्तरघुलन भइ सकेपछि  दलितहरु पछि सम्म रहदैनन् भन्ने कुरा जनजातीहरुमा भ्रम रहेकोले यसबाट हट्नु पर्दछ किनकि दलितहरु संघियताको विरुद्धमा जानै सक्दैनन् ।
- जनजातीहरुले पनि छुवाछुत गर्ने हुदा सो कुसस्कार हटाउन जनजातीहरु लाग्नु पर्दछ । जनजातीहरुले नै विभेद गर्दछन् भने सहकार्य कसरी हुन सक्दछ त ?
- सभासदहरुले नै अधिकार सुनिश्चित गराउन नसके अरु कस्ले गर्न सक्छ र ?
- दलितको लागि भौगोलिक संघियता हुनु पर्ने । दलितको राज्य भएमा मात्र दलितलाई अधिकार सम्पन्न बनाउन सकिन्छ ।




- मुस्लिमहरुलाई आयातित संभ्कने मानसिकता त्याग्नु पर्दछ । सवै एकजुट भइ हामीलाई विभेद गर्नेहरुसंग हामीले पनि विभेद गर्नु पर्दछ ।
- दलितहरु शक्ति निरिहताको कारणले अल्पसख्यामा परेका हुन् नकि जनसंख्याको कारणले ।
- हिन्दुवाद जनजाती, मुस्लिम, दलित सवैमा लागु भएको छ ।
- छुवाछुतको विरुद्धमा छुट्टै आन्दोलन गर्न पर्ने ।
- फुटाउ र शासन गर भन्ने षडयन्त्र सवैले बुझ्न पर्ने ।
- पाठपुजा गर्दा ब्रम्हाणलाई नभइ आफ्नै समुदायबाट गराउन पर्ने ।
- अहिलेको राज्यको पुनःसंरचनाले दलितले नेतृत्व गर्ने ठाउ बन्द गरेको छ ।
- दलित, आदिवासी जनजाती र मुस्लिमलाई भिडाउने षडयन्त्र भएको हुन सक्दछ सो प्रति सवै सचेत रहन पर्ने ।
- पहिचानको आधारमा संघियता बनाउदा दलितको पहिचान हुने कि नहुने ?
- समानुपातिक निर्वाचन प्रणालीको कारणले गर्दा नै अहिले दलित, जनजाती र मुस्लिमको समावेशी हून सकेको हो तसर्थ समावेशीको लागि निर्वाचन प्रणाली महत्वपूर्ण हुन्छ ।
- दुई कार्यकालको लागि मात्र अग्राधिकार नभइ सधैको लागि अग्राधिकार दिनु पर्दछ ।
- मौलिक हकको कुरामा  भिन्न मत लेख्दा जनजाती सभासदहरुले नै हस्ताक्षर गर्न मानेनन् ।

## ६. कार्यक्रममा सहभागीको अवस्था

यस कार्यक्रममा सभासदहरु, दलित समुदायका विशिष्ट र वौद्धिक व्यक्तित्वहरुका साथै जनजाती र मुस्लिम समुदायका बुद्धिजीवी तथा अधिकारकर्मीहरु, पत्रकारहरु लगायत सरोकारवालाहरुलाई उपस्थिति गराइएको थियो । यस कार्यक्रममा ५७ जनाको सभागिता रहेको थियो । जस मध्ये १ जना स्रोत व्यक्ति, ४१ जना दलित,जनजाती, मुस्लिम अधिकारकर्मीहरु, १५ जना आयोजक संस्थाका प्रतिनिधिहरु (कर्मचारी, कार्य समितिका प्रतिनिधिहरु, सहआयोजक संस्थाका प्रतिनिधिहरु) थिए । जसमा १४ जना महिला र ४३ जना पुरुषहरुको उपस्थिति थियो । यसका साथै कार्यक्रममा कुल ५७ जनाको उपस्थितिमा ३५ जना दलित, १५ जना जनजाती र ७ जना मूस्लिमहरुको सहगागिता रहेको थियो । सहभागिहरुको जातीय विभिधतालाई निम्न तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

**समग्र सहभागीहरुको जातीय विविधता**

| **क.सं.** | **जातीगत समुह** | **संख्या** |
|---|---|---|
| १ | दलित | ३५ |
| २ | जनजाती | १५ |
| ३ | मुस्लिम | ७ |
| | **जम्मा** | **५७** |

**दलितहरुको जातीय विभिधता**

| **क.सं.** | **जाती** | **महिला** | **पुरुष** | **जम्मा** |
|---|---|---|---|---|
| १ | विश्वकर्मा | २ | २२ | २४ |
| २ | परियार | २ | ५ | ७ |
| ३ | नेपाली (सार्की) | २ | ... | २ |
| ४ | गन्धर्व | १ | .... | १ |
| ५ | पासवान | १ | .... | १ |
| | जम्मा | ८ | २७ | ३५ |

**जनजातीहरुको जातीय विभिधता**

| **क.सं.** | **जाती** | **महिला** | **पुरुष** | **जम्मा** |
|---|---|---|---|---|
| १ | गुरुङ | ...... | १ | १ |
| २ | लिम्बु | ..... | ३ | ३ |
| ३ | नेवार | ३ | ४ | ७ |
| ४ | मगर | २ | ..... | २ |
| ५ | राई | २ | ...... | २ |
| | **जम्मा** | **७** | **८** | **१५** |

## ७. कार्यक्रमको प्रमूख उपलब्धीहरु

राज्य पुन:संरचनाको वहस चलिरहेको वर्तमान अवस्थामा देश भरि छरिएर रहेका दलितहरुको चाहना तथा मुद्धाहरुको वारेमा  आदिवासी जनजाती र मुस्लिमहरुमाझ छलफल हुनु र एक अर्कामा विचार आदान प्रदान हुनु तथा मत अभिमतहरु बुझ्न र बुझाउन सकिनु  यस कार्यक्रमको प्रमूख उपलब्धी रहेको थियो । यसका साथै यसका अन्य उपलब्धीहरु यस प्रकार रहेका छन् ।



- संघियता र राज्य पुनः संरचनाको विषयमा दलितहरुको दृष्टिकोणबाट राज्यको स्वरुप कस्तो हुने भन्ने बारेमा बहस हुनु ।
- दलितका संवैधानिक मुद्धाहरुको वारेमा छलफल हुनुका साथै उक्त मुद्धा उपर जनजाती र मुस्लिमका दृष्टिकोण पनि बुझ्न मदत पुग्नु ।
- दलितहरुका विषयमा भएका भारतीय अनुभवहरुको विषयमा पनि सहभागीहरुलाई जानकारी हुनु ।
- दलित, जनजाती र मुस्लिम अधिकारकर्मीहरु माझ संजाल र सहकार्यको वातावरण सुजना हुनु ।